**"कृषि, वन, उद्योग, धार्मिक, पर्यटन सहित संस्कृति संरक्षणको सार,**
**दक्षिणकाली नगरपालिकाको पहिचान, समृद्धि तथा विकासको आधार"**

दक्षिणकाली नगरपालिकाको दोश्रो विशेष परिषदमा प्रमुख एवं नि. कार्यकारी अधिकृत श्री विष्णु बहादुर के.सी. ज्यूबाट प्रस्तुत आ.व. ०७३/०७४ को संशोधित बजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण सहितको मन्तव्य

मिति : २०७३/०४/३० गते, आईतबार ।

**आदरणीय महानुभावहरू,**

यस दक्षिणकाली नगरपालिकाको दोश्रो विशेष परिषद सार्वजनिकीकरण कार्यक्रममा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु हुने

प्रमुख अतिथिज्यू,

नगर स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,

विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरू,

विभिन्न संघ-संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू,

राजश्व परामर्श समितिका सदस्यज्यूहरु,

स्थानीय शान्ति समितिका संयोजकज्यू,

वडा नागरिक मञ्चका संयोजक तथा सदस्यज्यूहरु,

नागरिक सचेतना केन्द्रका संयोजक तथा सदस्यज्यूहरु,

नगरपालिकाका विकास साझेदारहरु,

विकास अभियानताहरु,

नागरिक समाज, समाजसेवी,

सुरक्षाकर्मी मित्रहरु

सम्पूर्ण संचारकर्मी मित्रहरु,

जेष्ठ नागरिक, समाजसेवी, बुद्धिजीवी लगायत आमिन्त्रत अतिथिहरुज्यू,

मेरा सहकर्मी नगरपालिकाका कर्मचारी साथीहरु,

उपस्थित सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदी बहिनीहरुमा

यस दक्षिणकाली नगरपालिकाको दोश्रो विशेष परिषदबाट संशोधित बजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण समारोहमा उपस्थित भई यस समारोहको गरिमा बढाई दिनु भएकोमा सम्पूर्ण महानुभावहरुप्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु ।

त्यसै गरी यस पावन अवसरमा म राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरु तथा भूकम्पबाट मृत्यु हुने नगरवासीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

भर्खरै स्थापना भएको नगरपालिकाको प्रणाली तथा पद्धती स्थापना भई नसकेको, आर्थिक अवस्था ज्यादै कमजोर, केन्द्रीय अनुदान ज्यादै न्यून, ग्रामीण भेगका जनता, श्रोत साधनको कमी, योजनाहरुको माग ज्यादै बढदो भएको हुँदा दुरी बढेको अवस्था छ । दोश्रो नगर परिषदले विनियोजित गरेको योजना तथा कार्यक्रम संचालन गर्न अनुदान तथा नगरपालिकाको आन्तरिक आम्दानी ज्याद कम भएको र नगरपालिकाको सबै व्यवस्थापन, भौतिक एवं पूर्वाधार विकास समेत अनुदान आदिबाट विनियोजित गरिएको योजना संचालन गर्न नसकिने हुँदा सबै व्यवस्थापन गर्नको लागि विनियोजित गरेको सबै योजना, कार्यक्रममा ५०%(पचास प्रतिशत) कटौती गरी योजना तथा कार्यक्रम संचालन गर्ने, योजना सम्झौता गर्ने, लागत इष्टिमेट, डिजाईन, मूल्याङ्कन तथा भुक्तानी गर्ने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरेको छु ।

आगामी दिनमा राजश्वका दरमा पूर्ण मूल्याङ्कन गर्ने, करका दर तथा दायरा खोजी गरी आन्तरिक आम्दानी बढाउन अनिवार्य भएको व्यहोरा समेत अनुरोध गर्दछु । दोश्रो नगर परिषदले समेटन नसकेका तथा नगरपालिकालाई अति आवश्यक अनिवार्य भएको योजना तथा कार्यक्रमहरुलाई थप गरी योजना सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**महोदय,**

अव म आ.व. २०७२/०७३ का सबै आम्दानी तथा खर्चलाई एकमुष्ट अनुमोदन गर्ने निर्णय गरेको छु । दोश्रो नगर परिषदबाट स्वीकृत बजेट रू. ४,५०,००,०००।-(अक्षरुपी चार करोड पचास लाख रूपैयाँ) भएकोमा रकम अख्तियारी प्राप्त हुँदा नेपाल सरकारको अनुदान रकम जम्मा रू. ३,७०,६५,०००।- (अक्षरुपी तीन करोड सत्तरी लाख पैसठ्ठी हजार रुपैयाँ) प्राप्त भएकोमा तपसिलमा उल्लेख गरेको छु ।

<u>तपसिल</u>

१. **आम्दानी तर्फ** : नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त बाह्य अनुदान (नगरपालिका अनुदान) रकम

| बजेट उप-शीर्षक नं. | बजेट खर्च शिर्षक नं. | स्वीकृत बजेट |
|---|---|---|
| ३६५८०३ | २६३१२ | रू. ४६,००,०००।- |
| ३६५८०३ | २६३१२ | रू. २,३२,४९,०००।- |
| **जम्मा** | | **रू. २,७८,४९,०००।-** |

२. सामाजिक सुरक्षा भत्ता - रू. १,२४,००,०००।-
३. स्थानिय विकास शुल्क कोष - रू. ९२,१६,०००।-

यसरी नेपाल सरकारबाट प्राप्त अनुदानले मात्र योजना तथा कार्यक्रम संचालन गर्न बजेट नपुग भई दोश्रा नगर परिषदले पारित गरेका योजनाहरु ५० प्रतिशत रकम कट्टा गरि योजना संचालन गर्ने निर्णय गर्नु परेको हो । ५० प्रतिशत रकम कट्टा गरि चालु आ.ब. ०७३/०७४ मा संचालन गरि योजनाहरु तपसिलमा उल्लेख गरेको छु ।

४. आ.व. २०७२/०७३ मा व.उ.सि.नं. ३६५८०३ को खर्च शिर्षक २६३२२ तर्फ विनियोजिन भएकोमा रू. १ करोड भवन निर्माणको लागी प्राप्त भएकोमा जग्गाको अभावमा भवन निर्माणको कार्य अघि बढन सकेन ।

५. चालु आ.व. २०७३/०७४ मा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंबाट राजश्व बांडफांडबाट र अन्य आम्दानीबाट निम्न बमोजिमको रकम प्राप्त हुने अनुमान गरेको छु ।

क) प्राकृतिक श्रोत बांडफांड रू. २०,००,०००।-

ख) मालपोत राजिष्ट्रेशनबाट रू. २०,००,०००।-

ग) आन्तरिक आम्दानी(सिफारिस दस्तुर/नक्सापास कर/मालपोत दस्तुर) रू. ७०,००,०००।-

६. एल.जि.सि.डि.पि.बाट प्राप्त रकम सामाजिक परिचालकको तलब, भत्ता, तालिम तथा विभिन्न कार्यक्रम संचालन खर्च रू. ७०,००,०००।-

७. खुल्ला दिसा मुक्त क्षेत्र घोषणा तथा सरसफाई कार्यक्रमका लागि जिल्ला विकास समितिको कार्यालय, काठमाडौंबाट प्राप्त अनुदान रु. १८,००,०००।- प्राप्त भएकोमा क्षेत्र छनौटको काम बाँकी नै भएको हुँदा खर्च नभएको व्यहोरा अनुरोध छ ।

८. नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रमको लागी रू. १,३२,९९,०००।- विनियोजन गरेको छु ।

९. नगरपालिका अनुदान तर्फ सौर्य बत्ति जडान तर्फ चालु आ.ब.मा रु. २६४६,०००।- विनियोजन गरेको छु ।

## खर्च तथा व्यय तर्फः

१. नगरपालिका अनुदान चा.लु. रु. ४६,००,०००।-

२. नगरपालिकाको पूँजिगत अनुदान रु. २,२७,४५,०००।-

चालु आ.व. ०७३/०७४ मा थप देहायका योजना संचालन गर्न र नगरपालिकालाई आवश्यक खर्च व्यवस्थापन गर्न तपसिल बमोजिमको रकम विनियोजन गरेको छु ।

| क्र.सं | योजनाहरु | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| 1 | टल्कु सिम बृहत खानेपानी | रु १५,००,०००।- | |
| 2 | छैमले बृहत खानेपानी राम्चे पारिधारा | रु. ६,००,०००।- | |
| 3 | युटिकी मुल्केश्वर घाटपाटो निर्माण | रु. २,००,०००।- | |
| 4 | कोपु मरुवा गुठी दाउरा राख्ने पाटी | रु. १,००,०००।- | |
| 5 | उदाल्केश्वर महादेव मन्दिर मर्मत | रु. १,००,०००।- | |
| 6 | चुनदेवी ढुगेल जाने मोटरबाटो निर्माण | रु. २,००,०००।- | |
| 7 | राम्चे हुमाने मोटरबाटो ग्रावेल | रु. २,००,०००।- | |
| 8 | लब्सीबोट बलामी गाउँ जाने मोटरबाटो निर्माण | रु. १,००,०००।- | |
| 9 | सहिद मान बहादुर स्मृति पुस्तकालय निर्माण | रु. २,००,०००।- | |
| 10 | दक्षिण गोदावरी मन्दिर निर्माण | रु. १,००,०००।- | |
| 11 | वडा नं. ३ सत्तल देखि माथिल्लो टपलसम्म जाने मोटरबाटो निर्माण | रु. १,५०,०००।- | |
| 12 | थल्कुटोल हुँदै गल्ली जाने बाटोमा ढुंगा छाप्ने | रु. ३,००,०००।- | |
| 13 | डाँडा कटेरीबाट गम्बु बज्युको घर जाने मोटरबाटो निर्माण | रु. ५०,०००।- | |
| 14 | पञ्जल गणेश मन्दिर देखि पञ्जल गणेश चौर हुँदै कृष्ण महर्जनको घर जाने मोटरबाटो निर्माण | रु. १,५०,०००।- | |
| 15 | सामुदायिक सेवा केन्द्र, फर्पिङको कार्यालय व्यवस्थापन | रु. १,००,०००।- | |
| 16 | उदाउंदो महिला क्रिकेट | रु. १,५०,०००।- | |
| 17 | खहरे घट्टेचौर तारवार तथा पार्क निर्माण | रु. २,५०,०००।- | |
| 18 | फुयांल डांडा तल्लो घाटेपाटी निर्माण | रु. २,००,०००।- | |

| | | | |
|---|---|---|---|
| 19 | फुयाल टोल हुँदै घाट जाने मोटरबाटो (छैमले) | रु. ५०,०००।- | |
| 20 | द.न.पा. वडा नं १४ छैमले आर्य समाज घाटेपाटी निर्माण | रु. ३,००,०००।- | |
| 21 | नगरपालिकामा नपुग फर्निचर तथा हल निर्माण | रु. ५,००,०००।- | |
| 22 | नगरपालिकाको सवारी साधन पार्किङ, कम्पाउण्ड वाल, सुरक्षा गार्ड, भवन निर्माण | रु. १०,००,०००।- | |
| 23 | नगरपालिकाको नगर परिषद खर्च | रु. २,००,०००।- | |
| 24 | नगरपालिका अतिथि सत्कार खर्च | रु. २,००,०००।- | |
| 25 | नगरपालिकामा आवश्यक सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र Software खरिद | रु. ३,००,०००।- | |
| 26 | नगरपालिकामा कार्यरत कर्मचारी तथा नगरस्तरिय राजनैतिक पाटी प्रतिनिधिहरुको लागी अवलोकन भ्रमण | रु. ३,००,०००।- | |
| 27 | नगरपालिकाको कर्मचारीहरुको सेवा निवृत्त सुविधा<br>आ.व. ०७१/०७२ को<br>आ.व. ०७२/०७३ को<br>आ.व. ०७३/०७४ को<br>**जम्मा रकम**<br>(कर्मचारी कल्याण कोषमा बचत गर्ने निर्णय गरेको छु ।) | <br>रु. ३,००,०००।-<br>रु. ४,००,०००।-<br>रु. ४,००,०००।-<br>**रु. ११,००,०००।-** | |
| 28 | दैवी प्रकोप व्यवस्थापन खर्चमा | रु. ५,००,०००।- | |

उल्लेखित योजनाहरु मध्ये सि.नं. १ र २ को योजनामा रकम नपुग भएमा क्रमागत रुपमा सम्पन्न गरिनेछ ।

**नगरपालिकाको आन्तरिक कर्मचारो व्ययस्थापन तर्फः**

१. मिति २०७२ बैशाख १२ गतेको भूकम्पले गर्दा क्षतिग्रस्त धार्मिक तथा ऐतिहासिक संरचनाको पननिर्माण तथा व्यक्तिगत घर(निजी आवास) निर्माणको लागी राष्ट्रिय पुननिर्माण आयोगसँग सम्झौता भई घर निर्माणको कार्यमा नक्सा, ड्रईङ, डिजाईनको कार्य द्रुतगतिमा अघि बढिरहेको र दक्ष प्राविधिक कर्मचारीको माग भईरहेको सन्दर्भमा यसै नगरपालिकामा कामकाज गदै आउनु भएका सव-इन्जिनियर श्री वासुदेव बलामीलाई पूर्ण रुपमा यसै नगरपालिकामा कामकाज गर्न लगाउने र निजको पारिश्रमिक यसै नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी नियुक्ति दिने निर्णय गरिएको छ ।

२. भुकम्प पिडितहरु लामो समय टहरामा नै बस्नु परेको हुँदा जाडोको लागी वितरण गरिएको न्यानो लुगा वापत ३६११ घर परिवारलाई वितरण गरिएको रू. ३ करोड ६१ लाख खर्च समर्थन गरेको छु ।

३. दक्ष जनशक्तिको अभावमा नगरबासालाई छिटो छरितो रुपमा सेवा प्रवाह गर्न कठिनाई उत्पन्न हुने भएको हुँदा प्राविधिक कर्मचारी बाहक अन्य प्रशासनिक कर्मचारीहरुको पदपूर्तिको लागी स्थानाय स्वायत्त शासन ऐन, २०५५ नियमावली, २०५६ बमोजिम मिति २०७३ फागुन मसान्त भित्र खुल्ला विज्ञापन गर्ने निर्णय गरेको छु र सो कार्यको लागी रू. १२,००,०००।- विनियाजन गरेको छु ।

प्रथम नगर परिषद तथा दोश्रो नगर परिषदले लिईएका नीतिहरुलाई निरन्तरता दिने निर्णय गरिएको छ । आ.व. २०७२/०७३ को दोश्रो नगर परिषदले पारित गरेका नीति, कार्यक्रम र बजेट हालसम्म नगरपालिका बोर्ड बैठकबाट भएका निर्णयहरु, खर्च रकमहरु सबै निर्णयहरुलाई अनुमोदन गरियो ।

अन्तमा : समग्र नगरपालिकाको बृहत हित समृद्धि विकासमा सकृय सहभागिता सहित प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण नगरस्तरीय राजनैतिक दलका प्रतिनिधीज्यूहरु, नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका सम्पूर्ण पदाधिकारीज्यूहरु लगायत विषयगत कार्यालयहरु, नागरिक समाज, गैर सरकारी संस्था, सामुदायिक तथा

निजि क्षेत्रका संघ-संस्था, व्यवसायी, उद्यमी, समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी लगायत सहकर्मी कर्मचारी साथीहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

पुनः यस विशेष परिषदबाट संशोधित नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षहरुबाट सदाझै निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, विशेष अतिथिज्यूहरु, सम्पूर्ण अतिथिज्यूहरु र उपस्थित सबै नगरवासी महानुभावहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै बिदा हुन्छु ।

**धन्यवाद ! नमस्कार !!**

मिति : २०७३/०४/३० गते, आईतबार ।

विष्णु बहादुर के.सी
नि. कार्यकारी अधिकृत
दक्षिणकाली नगरपालिका कार्यालय